# बनेपा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः १ संख्याः १ मितिः २०७५/०२/२७

## भाग–१

### बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५

**सभाबाट पारित मितिः २०७५।२।१४**

**प्रमाणीकरण मिति : २०७५।२।२७**

**२०७५ सालको ऐन नं १**

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकारक्षेत्र भित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बनेपा नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१. <u>संक्षिप्त नाम, विस्तार र प्रारम्भ</u> :**(१) यो ऐनको नाम बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि ( नियमित गर्ने) ऐन, २०७५ रहेको छ।

(२) यो ऐन बनेपा नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ।

**२. <u>परिभाषा</u> :** (१) बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले बनेपा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ।

(ख) "कार्यपालिका" भन्नाले बनेपा नगर कार्यपालिका सम्झनु पर्छ।

(ग) "नगरपालिका" भन्नाले बनेपा नगरपालिका सम्झनु पर्छ।

(घ) "सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ।

(ङ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ।

**३. <u>नियम बनाउने अधिकार</u>** :

(१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्न बनेपा नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ।

(२) उपदफा (१) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ।

**४. <u>निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने:</u>**

(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत बनेको नियमावलीको अधिनमा रही बनेपा नगरपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागू गर्न सक्नेछ।

**आज्ञाले,**

**भोजराज घिमिरे**

**प्रमुख प्रशासकीय अधिकृत**

बनेपा नगरपालिका